# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र


| | | | |
|---|---|---|---|
| खण्ड १ | अंक: १ | चैत्र, ०२ गते २०७९ साल | (संख्या: ०४) |


### भाग-१

नगर सभाको मितिः २०७९/११/२० मा स्वीकृत भएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सचालन ऐन, २०७४ बमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### नगर शिक्षा (पहिलो संसोधन) ऐन, २०७९

**प्रस्तावनाः** नगर शिक्षा ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधान, २०७२ को धारा २२१, अनुसूची ८ को बुँदा नं ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५को दफा २०, २१ र परिच्छेद १५को दफा १०२ बमोजिम बर्दघाट नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भः

क) यस ऐनको नाम "नगर शिक्षा(पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

ख) यो ऐन बर्दघाट नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

ग) यो ऐन बर्दघाट नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुने छ ।

**<u>२. नगर शिक्षा ऐन, २०७७ को दफा ९ मा संशोधनः</u> नगर शिक्षा ऐन, २०७७ (यसपछि "मूल ऐन" भनिएको) को**

**१.उपदफा (१) को खण्ड (ङ) हटाइएको छ ।**

**२.उपदफा (१) को खण्ड (छ) को सट्टामा देहायको उपदफा (छ) राखिएको छः-**

"(छ)शैक्षिक क्षेत्रमा विशेष योगदान दिएका स्थानीय समाजसेवी तथा बुद्धिजीवीहरू र दलित तथा अल्पसङ्ख्यकमध्ये एक महिलासहित नगर शिक्षा समितिले मनोनित गरेको २ जना-सदस्य ।"

**३.उपदफा (२) पछि देहायको उपदफा २(क) राखिएको छः-**

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा १ को खण्ड (च), (छ) र (ज) बमोजिमका सदस्यहरूको पद मनोनीत गर्ने व्यक्तिको पदावधि समाप्त भएसँगै स्वतः समाप्त हुने छ ।"

**<u>३.मूल ऐनको दफा १० मा संशोधनः</u>**

**१. खण्ड (त) को सट्टमा देहायबमोजिमको खण्ड (त) राखिएको छः-**

"(त) वडा शिक्षा समितिको सिफारिसमा नगरपालिकाभित्रका सामुदायिक विद्यालयका शिक्षकहरूको सरुवा गर्ने ।"

**२. दफा (१०) को खण्ड (फ) हटाइएको छ ।**

**३. खण्ड (ब) पछि देहायबमोजिमका खण्ड (ब१) र (ब२) थप गरिएका छन्ः-**

"(ब१) सामुदायिक विद्यालयको आर्थिक हिनामिनासम्बन्धी लिखित उजुरी नगरपालिकाको शिक्षा शाखामा प्राप्त भएमा नगर शिक्षा समितिले आवश्यकताको आधारमा छानविन समिति गठन गर्न सक्ने छ ।"

"(ब२) वडा शिक्षा समितिलाई आवश्यक निर्देशन दिने।"

**<u>४.मूल ऐनको दफा ११ पछि देहायको दफा (११क) थप गरिएको छः-</u>**

"(११क) नगरसभाका सदस्यहरू, नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरू र नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले आफ्ना छोराछोरीहरूलाई सामुदायिक विद्यालयमा पढाउनुपर्ने कर्तव्य हुने छ ।"

**<u>५.मूल ऐनको दफा १४ मा संशोधनः</u>**

**१. उपदफा (१) को खण्ड (ख) हटाइ देहायको खण्ड (ख१) र (ख२) थपिएका छन् ।**

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

"(ख१) नगर सभाका सदस्यहरू मध्येबाट नगर कार्यपालिकाले तोकेको १ जना महिला सदस्य ।"

"(ख२) सामाजिक विकास समितिका संयोजक वा समितिका सदस्यहरू मध्येबाट सामाजिक विकास समितिले तोकेको १ जनासदस्य ।"

**२. खण्ड (ग) को सट्टामा देहायको खण्ड (ग) राखिएको छ ।**

"(ग) सामुदायिक माध्यमिक विद्यालयका माध्यमिक तहका शिक्षकहरूमध्येबाट नगर प्रमुखले मनोनित गरेको १ जना सदस्य ।"

**३. देहायबमोजिम खण्ड (३) थप गरिएको छः-**

"(३) अनुगमन समितिले अनुगमनको क्रममा आवश्यकताअनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने छ ।"

**६. मूल ऐनको दफा १८ मा संशोधनः दफा (१८) को सट्टामा देहायको दफा (१८) राखिएको छ ।**

"(१८) बर्दघाट नगरपालिकाभित्रका सामुदायिक विद्यालयबाट एसइइ उत्तीर्ण गरी एमबीबीएस, आइटी र कृषि विषयमा अध्ययन गर्ने सर्वोत्कृष्ट अङ्क प्राप्त गरेका १ जना छात्र र १ जना छात्रालाई छात्रवृत्तिका लागि कार्यपालिकाले कार्यविधि बनाई छात्रवृत्तिको व्यवस्था गर्नसक्ने छ ।"

**७.मूल ऐनको दफा २१ मा संशोधनः**

**१. उपदफा (१) को खण्ड (क) को सट्टामा देहायको खण्ड (क) राखिएको छः-**

"(क) अभिभावकहरूले आफूहरूमध्येबाट छानी पठाएका वा सर्वसम्मत छनौट हुन नसकेमा निर्वाचन प्रक्रियाबाट छनौट भएका २ जना महिलासहित ४ जना सदस्य ।"

**२. उपदफा (१) को खण्ड (ग) को सट्टामा देहायको खण्ड (ग) राखिएको छः-**

"(ग) विद्यालयका संस्थापक, अभिभावक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरूमध्येबाट वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखले मनोनित गरेको एकजना महिलासहित दुईजना सदस्य।"

**३. उपदफा (१) पछि देहायको उपदफा (१क) देहायबमोजिम थप गरिएको छः-**

"(१क) विद्यालय व्यवस्थापन समितीको बैठक प्रत्येक दुई महिनामा कम्तिमा एकपटक बस्ने छ ।"

**४. उपदफा (७) पछि देहायको उपदफा (७क) थप गरिएको छः-**

"(७क) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरूको भूमिका विद्यालयप्रति उत्तरदायी नदेखिएमा वडा अध्यक्षको सिफारिसमा

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी लुम्बिनी प्रदेश नेपाल

नगर प्रमुखले निजलाई फिर्ता गरी निजको ठाउँमा सोही खण्डबमोजिम अर्को सदस्य मनोनीत गर्न सकिने छ।"

**५. उपदफा (१३) को खण्ड (प) पछि देहायका खण्डहरू (प१) र (प२) थप गरिएका छन्:-**

"(प१) शिक्षक अभिभावक सङ्घः शिक्षाको गुणस्तर कायम गर्ने सम्वन्धमा विद्यालयमा शिक्षक अभिभावक सङ्घ गठन गर्ने। जसको कार्यकाल २ वर्षको हुने छ।"

"(प२) शिक्षक अभिभावक सङ्घको गठन गर्ने प्रक्रिया तोकिएबमोजिम हुने छ ।"

**८.मूल ऐनको दफा २२ मा संशोधनः**

**१. उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छः-**

"(२)उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन हुन नसक्ने अवस्थासम्म कार्यपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्ने छ।"

**९.मूल ऐनको दफा २४ मा संशोधनः**

**१. उपदफा (२) मा देहायका खण्डहरू (झ) र (ञ) थप गरिएका छन्:-**

"(झ) विद्यालय कोषबाट गरिने विविध खर्चसम्बन्धी आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने।"

"(ञ) विद्यालयको शैक्षिक गुणस्तर बृद्धिका लागि आर्थिक, शिक्षण क्रियाकलाप, शैक्षिक प्रशासन व्यवस्थित गर्न, शिक्षक अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन गर्ने।"

**१०.मूल ऐनको दफा २८ मा संशोधनः**

**१. उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-**

"(३) उपदफा (१) र (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको कर्तव्य हुने छ।"

**११.मूल ऐनको दफा ३० मा संशोधनः**

**१. खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-**

"(क) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ । यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको विद्यालयको चलअचल सम्पत्ति नगरपालिकाको जिम्मा र संरक्षणमा रहने छ । कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाभिएको विद्यालयको सम्पत्ति मानिने छ ।उक्त सम्पत्तिको संरक्षण, संवर्धन गर्ने दायित्व सम्बन्धित विद्यालयको हुने छ।"

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

**१२.मूल ऐनको दफा ३७ मा संशोधनः**

**१. उपदफा (१) मा देहायको खण्ड (ज) थप गरिएको छः-**

"(ज) नेपाल सरकारको दरबन्दीमा कार्यरत स्थायी कर्मचारी तथा शिक्षकले विभागीय स्वीकृति विना संस्थागत विद्यालयको लगानीकर्ता वा व्यवस्थापक भएमा / सञ्चालक समितिमा रहेमा वा कार्यकारी पदमा रहेमा ।"

**१३.मूल ऐनको दफा ४३ मा संशोधनः**

**१. उपदफा (३) को सट्टामा देहायको उपदफा (३) राखिएको छः-**

"(३)नगरपालिकामा सूचीकृत भएका विषय विशेषज्ञको मनोनित नगर शिक्षा समितिका अध्यक्षको परामर्शमा शिक्षा, युवा तथा खेलकुद शाखाले तोक्ने छ । विशेष परिस्थिति सृजना भएमा अर्को पालिकाबाट वा अर्को जिल्लाबाट समेत विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ ।"

**२. उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएको छः-**

"(५) शिक्षक छनौट समितिले करारमा शिक्षक छनौट गर्दा लिने सेवा सुविधाको विषयमा कार्यपालिकाले तोकेबमोजिम हुने छ ।"

**१४. मूल ऐनको दफा ४५ मा संशोधनः**

**१. उपदफा (६) मा "पाँच वर्ष"को सट्टामा "तीन वर्ष" राखिएको छ ।**

**१५.मूल ऐनको दफा ४६ मा संशोधनः**

**१. दफा (४६) को उपदफा (१)को सट्टामा देहायको उपदफा (१) राखिएको छः-**

"(१) नगरशिक्षा समितिको सिफरिसमा नगर कार्यपालिकाले विद्यालयमा मौजुदा विद्यार्थी सङ्ख्या, तहगत, विषयगत तथा कक्षागत विद्यार्थी सङ्ख्या र नगरपालिकाको शिक्षक विद्यार्थी अनुपातको आधारमा ३ वर्षमा एकपटक नगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी मिलान गर्न सक्ने छ ।"

**२. उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छः-**

"(१क) दरबन्दी मिलान तथा वितरण गर्दा सम्बन्धित विद्यालयमा जुन तहसम्म अध्यापन भइरहेको छ, त्यहि तहसम्मको कम्तिमा १ जना स्थायी दरबन्दी नघट्ने गरी व्यवस्था गर्न सक्ने छ।"

**३. उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छः-**

"(२)उपदफा (१) र (१क) बमोजिम हुने दरबन्दी मिलानमा सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका सबै किसिमका दरबन्दी समावेश हुने छन् ।"

**४. उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थप गरिएको छः-**

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

"(३) दफा (४५) को उपदफा (७) मा जेसुकै लेखिएको भएतापनि दरबन्दी मिलानका क्रममा बाधा पर्ने छैन ।

"(४) दरबन्दी मिलानसम्बन्धी नगर शिक्षा समितीले गरेको निर्णयलाई शिक्षा, युवा तथा खेलकुद शाखाले एक महिनाभित्र पूर्ण रूपले कार्यान्वयन गराइसक्नुपर्ने छ ।"

**१६.मूल ऐनको दफा ४९ मा संशोधनः**

**१. उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थप गरिएका छन्:-**

"(३क) प्रधानाध्यापकले दैनिक आफू नियुक्त भएको तह र विषयको कम्तीमा एक पिरियड कक्षा अध्यापन गर्नुपर्ने छ ।"

"(३ख) विद्यालयको शैक्षिक गुणस्तर तथा विद्यार्थी सङ्ख्या लगतार ३ वर्षसम्म ह्रास हुदै गएमा सम्वन्धित विद्यालयको प्रधानाध्यापक तथा सम्वन्धित विषय शिक्षकलाई नगरशिक्षा समितिले कारणसहितको लिखित जवाफ माग्ने छ र सो बारे सन्तोषजनक जवाफ नआएमा प्रधानाध्पाकलाई पदबाट हटाउन सक्ने छ। निजहरूलाई अन्य विभागीय कारबाहीका लागि सिफारिस गर्न सक्ने छ ।"

**१७.मूल ऐनको दफा ५२ मा संशोधनः**

**१. दफा (५२) को उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएको छः-**

"(५) लेखा परीक्षण प्रतिवेदनका आधारमा नगरपालिकाले संस्थागत विद्यालयलाई वार्षिक आम्दानीको आधारमा कर लगाउन सक्ने छ ।"

**१८.मूल ऐनको दफा ५५ मा संशोधनः**

**१. दफा (५५) को सट्टा देहायको दफा (५५) राखिएको छः-**

"(५५) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम सजाय गर्ने अधिकार सङ्घीय शिक्षा ऐन अनुसार हुने छ ।"

**१९.मूल ऐनको दफा ५६ मा संशोधनः**

**१. दफा (५६) मा को सट्टा देहायको दफा (५६) राखिएको छः-**

"(५६) पुनरावेदनः- दफा (५५) बमोजिमको सजायको आदेश उपर अदालतमा पुनरावेदन लाग्ने छ।"

**२०.मूल ऐनको दफा ५७ मा संशोधनः**

**१. उपदफा (१) को खण्ड (श) पछि देहायको उपदफा (ष) थप गरिएको छः-**

प्रमुख प्रशासकीय अधिकृत

नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

“(ष) यस ऐनमा तोकिएबमोजिम भनिएका सबै बुँदाहरू सङ्घीय शिक्षा ऐन, नगर शिक्षा ऐन तथा नियमावली अनुसार हुने छ। नभएको अवस्थामा कार्यपालिकाले कार्यविधि बनाई लागु गर्न सक्ने छ ।”

**२१.मूल ऐनको दफा ५९ मा संशोधनः**

**१. दफा (५९) को सट्टामा देहायको दफा (५९) राखिएको छः-**

“(५९) यस ऐन संशोधन हुनुभन्दा अगाडि भए गरेका नियमहरू यसै ऐनअनुसार भए गरेको मानिने छ।”

आज्ञाले,

(कृष्ण प्रसाद सापकोटा)

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल